जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २४२ २०८० साल बैशाख १६ गते शनिबार (29 Apr. 2023 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : सातै प्रदेशमा नमूना अस्पताल ३ पृष्ठमा : राजनीतिक अस्थिरताले पाकिस्तानमा ... ३ पृष्ठमा : डुङ्गा डुब्दा एघार जनाको.

# बोदेबरसाइन नगरपालिकामा समयमा भेटिदैनन् कर्मचारी, सेवाग्राही सास्तीमा

## आवश्यक भन्दा बढी खरीद गरिएको फर्निचर वेवारिसे अवस्था








**दैनिक समाचारदाता**
**राजविराज, १५ वैशाख।**

सप्तरीको बोदेबरसाइन नगरपालिकामा एकै दिन नगर प्रमुखदेखी अधिकृत सम्मका कर्मचारी अनुपस्थित देखिएका छन्।

बिहीबार पत्रकारहरुको एक टोली सो नगरपालिका पुग्दा नगर प्रमुख आतेशकुमार सिंह, उपप्रमुख रेणुकुमारी साह, निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव, लेखा अधिकृतसहित अन्य अधिकृत तहका कर्मचारीहरु कार्यालयमा कतै देखिएन्।

कार्यालयको सोधपुछ शाखामा संचारकर्मीहरुले सोधपुछ गर्दा एक जना पनि अधिकृत स्तरको कर्मचारी उपस्थित नरहेको तथा कुनै जानकारी लिन अन्य कर्मचारीसँग सोधपुछ गर्दा कसैले पनि उचित जवाफ दिन सकेनन्।

यसरी स्थानिय तहलाई सिंहदरबारको संज्ञा दिदा पनि दरबार नै कर्मचारी बिहीन हुँदा सेवाग्राही सास्ती भोग्न बाध्य भएका छन्।

यस्तै कार्यालय भवनको माथिल्लो तल्लामा जाँदा प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको कोठा खुल्लै रहे पनि ती मध्ये कसैको पनि उपस्थिति देखिएन्। ती सबै कोठाहरुलाई फर्निचर तथा अन्य सजवाट सामाग्रिले रंगिचंगि बनाइए पनि सेवा भने फितलो भएको सेवाग्राहीहरुले गुनासो गरेका छन्।

सोही तल्लाको खाली स्थानमा आधा दर्जन सोफासेट जथाभावी ढंगले बाहिरै राखिएको देखिएको थियो। भवनमा कोठा पर्याप्त हुँदा हुँदै पनि लाखौं रुँपैया लगानी गरेर खरीद गरिएको सोफाहरु लथालिंङ अवस्थामा राखिएको थियो।

कार्यालयको सबै कोठा फर्निचरले भरिभराउ रहदा आवश्यक भन्दा बढी फर्निचर खरीद गरेर रकमको दुरुपयोग गरेको सेवाग्राहीहरुले गुनासो गरेका छन्।

## भूकम्पले २३ घरमा क्षति

बाजुरा, १५ वैशाख (रासस)।

बिहीबारराति आएको भूकम्पका कारण हिमाली गाउँपालिका-२ विच्छयामा २३ घरमा पूर्णरूपमा क्षति पुगेको छ।

गौमुल गाउँपालिकाको दहकोट आसपास केन्द्रबिन्दु भएर मध्यराति १ बजेर ३० मिनेट जाँदा गएको पाँच दशमलव नौ रेक्टर स्केलकोभूकम्पले २३ घरमा पूर्णरूपमा क्षति भएको हिमाली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजबहादुर भण्डारीले जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त वडाका धञ्जित बुढा, दन्तिर बुढा, जोवलाल बुढा, नौउले बुढा, दिलबहादुर बुढा र सौरमल रोकायाको घरमा क्षति पुगेको छ। यस्तै वासु रोकाया, सुरेन्द्र बुढा, दुवलाल बुढा, देवबहादुर बुढा, पञ्च रोकाया, सुरेन्द्र बुढा, जग्गी बोहरा, साइमल बोहराको घरमा क्षति पुगेको छ।

सोही वडाका सुर्ज बोहरा, जस थापा, भयधन थापा, पूर्ण थापा, कुसुम खड्का, वाचमल रोकाया, कल रोकाया, सुर्ज खड्का, गोल्लाल खड्कालगायतको घरमा क्षति भएको गाउँपालिकाका प्रशासकीय अधिकृत भण्डारीको भनाइ छ।

क्षतिको विवरण सङ्कलनका लागि पालिकाका प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षसँग समन्वय भइरहेको प्रमुख जिल्ला अधिकारी पुष्कर खड्काले बताउनुभयो।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार बाजुराको दहकोट केन्द्रविन्दु भएर बिहीबार राति छुट्टाछुट्टै समयमा तीन पटक भूकम्प गएको हो।

केन्द्रका अनुसार राति ११ बजेर ५८ मिनेट जाँदा चार दशमलव नौ, राति १ बजेर ३० मिनेट जाँदा पाँच दशमलव नौ र राती १ बजेर ५१ मिनेट जाँदा तीन दशमलव नौ रेक्टरस्केलको भूकम्प गएको हो।

यसअघि गत वैशाख ४ गते बाजुराकै जुगाडा केन्द्रविन्दु भएर तीन दशमलव छ रेक्टरस्केलको भूकम्प गएको थियो। पछिल्लो समय नेपालको पूर्वी तथा पश्चिमी क्षेत्र केन्द्रविन्दु भएर भूकम्प जाने क्रम जारी छ। नेपालको हिमाली तथा पहाडी क्षेत्रलाई भूकम्पको जोखिम क्षेत्रका रूपमा लिने गरिन्छ।

## फलामको रडले घोच्दा सेनाका जवानको मृत्यु

**दैनिक समाचारदाता**
**बारा, १५ वैशाख।**

ट्र्याक्टरमा लोड गरेको फलामको छडले घोच्दा एक जना नेपाली सेनाको मृत्यु भएको छ।

बाराको सिसहनियामा भएको उक्त घटनामा नेपाली सेनाको कसरा ब्यारेक नवलपरासीमा कार्यरत जवान कलैया उपमहानगरपालिका १६ मझैलिया निवासी राजकुमार रामको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

बा.८०प. ८२८० नंको मोटरसाइलमा सवार राम वीरगञ्जबाट कलैया जाने क्रममा कलैया उपमहानगरपालिका २४ सिसहनियामा ना.५त.४०२१ नंको ट्र्याक्टरमा रहेको फलामको रडले घोच्दा घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ।

ट्र्याक्टर चालक रौतहट जिल्ला देवाही गोनाही नगरपालिका ५ टिकुलिया निवासी ३२ वर्षीया रमेश तिवारीलाई पक्राउ गरी घटनाबारे थप अनुसन्धान थालिएको गरिएको प्रहरीले जनाएको छ।

## परालको टालो हुँदै घरमा आगलागि

**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख।**

सप्तरीको महादेवा गाउँपालिका ४ बलिया टोलमा बिहीबार परालको टालोमा आगलागि हुँदा एक घर जलेर नष्ट भएको छ।

स्थानिय शेदलाल रामको घर नजिकै रहेको परालको टालमा अचानक आगलागि हुँदा उनको दुई कोठे फुसको घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

*बाँकी अन्तिम पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

## सम्पादकीय

### फोहरमैलालाई व्यवस्थित गर्न ध्यान पुगोस

राजविराजमा अहिले भइरहेको विभिन्न भौतिक पूर्वाधारको कामहरुबाट उत्पन्न हुने फोहरमैलाको व्यवस्थापनतर्फ ध्यान पुग्न सकेको छैन् । नगर क्षेत्रमा अहिले सरसफाइको कमी देखिन्छ । विभिन्न नालाहरु फोहरका कारण बन्द रहेको छ । यस बाहेक कतिपय सडकहरुमा सरसफाईको अभाव देखिन्छ । यस्तै सडक किनारमा फोहरको थुप्रो देखिन्छ ।

यता भौतिक पूर्वाधारका कामहरु सडक तथा नाला निर्माण र सडक मरमतका कामहरु भइरहँदा फोहरमैलाको उचित प्रबन्ध हुन सकिरहेको छैन् । यसप्रति नगरपालिकाको उदासिनता देखिन्छ । एकातिर नयाँ भौतिक निर्माणका कार्यहरु हुनु र अर्कोतिर सरसफाईप्रति वेवास्ता गरिनु पक्कै पनि हेलचक्राई गरिएको देखिन्छ ।

तसर्थ नगरलाई दैनिकी सरसफाई गर्नेतर्फ गम्भिरतापूवर्क ध्यान दिनुपर्छ भने अस्थायी रुपमा भइरहेको कामहरुबाट उत्पन्न हुने फोहरमैलालाई उचित व्यवस्थापन तर्फ ध्यान पुग्नु उत्तिकै जरुरी छ ।

# सातै प्रदेशमा नमूना अस्पताल निर्माण गर्ने सोचेका छौं : मन्त्री मोदी

काठमाडौँ, १५ वैशाख (रासस) । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले देशको सातै प्रदेशमा निजामती कर्मचारी अस्पतालजस्तै नमूना अस्पताल निर्माण गर्ने बताउनुभएको छ ।

शुक्रबार यहाँ आयोजित निजामती कर्मचारी अस्पतालमा सर्जिकल भवन हस्तान्तरण कार्यक्रममा उहाँले आगामी बजेटमा अस्पताल निर्माणका लागि थप बजेटको व्यवस्था गर्ने तयारीमा सरकार रहेको जानकारी दिनुभएको हो ।

मन्त्री मोदीले भन्नुभयो, "निजामती कर्मचारी अस्पतालजस्तै सातै प्रदेशमा नमूना अस्पताल निर्माण गर्नेबारे सोचिरहेका छौँ । यसका लागि आगामी आवमा बजेटको व्यवस्था गर्न खोजिरहेका छौँ ।" उहाँले अस्पताल निर्माणको योजनाबारे जानकारी दिँदै भन्नुभयो, "ती अस्पतालमध्ये पनि राष्ट्रिय कलाकार, राष्ट्रिय व्यक्तित्व, विभिन्न आन्दोलनका घाइते, सहिद वा बेपत्ताका परिवारका लागि पनि छुट्टै अस्पताल निर्माण गर्ने सोचेका छौँ ।"

मन्त्री मोदीले सबै जनतामा सुलभ उपचार सेवा उपलब्ध गराउन मन्त्रालयले पहल गर्ने र थप अस्पताल निर्माणका लागि चीन सरकारसँग सहयोगका लागि पहल गरिने धारणा व्यक्त गर्नुभयो । कार्यक्रमा चीन सरकारले निर्माण गरेको नयाँ सर्जिकल भवन र पुरानो भवन पुन:निर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो ।

समारोहमा नेपालका लागि चीनियाँ राजदूत छन सोङ्ले स्वास्थ्य क्षेत्रमा सहयोग र सहकार्य गर्न चीन सरकार प्रतिबद्ध रहेको बताउनुभयो । "विगत केही दशकयता, नेपाल सरकारले आफ्ना नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउन धेरै हदसम्म सफल भएको छ । यसबीच चीन सरकार र नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा गरेको सहकार्यले दुवै देशको सम्बन्धलाई एउटा उचाई दिलाएको छ", उहाँले भन्नुभयो ।

अस्पतालका कार्यकारी निर्देशक प्रा डा विधाननिधि पौडेलले उक्त सर्जिकल भवनले थप उपचार सेवा उपलब्ध गराउन सहज हुने बताउनुभयो । उक्त भवनमा एक सय पाँच साधारण शय्या, १२ सघन कक्ष र चार शल्यचिकित्सा कक्ष छन् ।

# बौद्धिक पलायन रोक्न सांसदको माग

काठमाडौँ, १५ वैशाख (रासस) । प्रतिनिधिसभामा सांसदहरूले मुलुकमा अवसरको कमी हुँदा बौद्धिक पलायन भइरहेको बताउँदै यसलाई रोक्नका लागि आवश्यक नीति ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको विशेष समयमा सांसद राजेन्द्रप्रसाद लिङ्देनले नेपालमा बौद्धिकता पलायन भइरहेको बताउँदै बौद्धिक पलायन रोक्नका लागि सरकारले आवश्यक कार्यक्रम अघि बढाउनपर्ने धारणा व्यक्त गर्नुभयो ।

सांसद माधवप्रसाद सापकोटाले जनआन्दोलनमा लडाकुले गरेको योगदानलाई बिर्सन नहुने बताउँदै अयोग्य लडाकुको विषयमा तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलकै पालाको नीति तथा कार्यक्रममा व्यवस्था गरिएको बताउनुभयो । उहाँले संसद्लाई भ्रमित पार्ने गरी यो विषयमा कुरा उठाउन उपयुक्त नभएको स्पष्ट पार्नुभयो ।

सांसद गणेश पराजुलीले गत राति बाजुरामा भूकम्प गएको र आगामी दिनमा थप भूकम्प जान सक्ने विषयमा सरकारको आवश्यक तयारीका बारेमा सजग गराउनुभयो । सांसद राजकिशोर यादवले बजेट निर्माण भइरहेको अवस्थामा कृषि क्षेत्रलाई प्राथमिकता राखी आवश्यक कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद अब्दुल खानले इदमा दिने गरेको एक दिनको बिदा वर्तमान सरकारले कटौती गरेकोप्रति आपत्ति प्रकट गर्दै मुस्लिम समुदायका लागि एक दिन बिदा दिने विषयलाई गम्भीरतापूर्वक लिन आग्रह गर्नुभयो ।

सांसद प्रेम सुवालले सरकारले जनगणना २०७८ मा लिम्पियाधुरालाई किन छुटचाएको भनी प्रश्न गर्दै पटक पटक लडाकुका नाममा कार्यकतालाई पैसा बाँड्नु भ्रष्टाचार भएको बताउनुभयो । सांसद प्रभु साहले नेपालमा आठ महिनायता मात्रै आठ अर्बभन्दा बढी पैसा विदेशिएको भन्दै त्यसतर्फ राज्यले ध्यान दिनुपर्ने आग्रह गर्नुभयो ।

सांसद डा अमरेशकुमार सिंहले मुलुकमा चरम भ्रष्टाचार बढ्दै गएको हुनाले त्यो रोक्नका लागि सरकार गम्भीर हुनुपर्ने बताउनुभयो । शान्तिप्रक्रियाका नाममा यसअघि पनि पार्टीले पैसा लिएको र अहिले पनि दुई लाख लिएर पार्टीले एक-एक लाख लिन खोजेको आरोप लगाउनुभयो ।

सांसद गोकुल बाँस्कोटाले आफ्नो पार्टी एमालेका अध्यक्ष केपी शर्मा ओली सहभागी कार्यक्रममा भएको अवाञ्छित गतिविधिप्रति दुःख व्यक्त गर्दै सरकारले शान्तिसुरक्षाको उचित प्रबन्ध गर्न नसकेको टिप्पणी गर्नुभयो ।

सांसद राजु थापाले सिद्धार्थ राजमार्गको रानीघाट पुल तत्काल निर्माण गर्नुपर्ने र त्यसले नेपालको पर्यटकमार्फत आर्थिक अवस्थामाथि उठाउनका लागि सहयोग गर्ने बताउनुभयो । उहाँले उक्त राजमार्ग निर्माण गर्ने क्रममा पीडित परिवारलाई राहत प्रदान गर्न आग्रह गर्नुभयो ।

पुष्पबहादुर शाहले माथिल्लो कर्णाली जलविद्युत् भारतको जिएमआर कम्पनीले बनाउने भने पनि हालसम्म निर्माण प्रक्रिया अघि बढ्न नसकेको भन्दै प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका बेला सो जलविद्युत् निर्माण प्रक्रिया अघि बढाउन आग्रह गर्नुभयो ।

# सङ्घीय र प्रदेश सरकारमा गठबन्धन दलको पालैपालो सरकार : अध्यक्ष नेपाल

महेन्द्रनगर धनुषा, १५ वैशाख (रासस) । नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले कुनै पनि पार्टीको स्पष्ट बहुमत नरहेकाले सङ्घीय र प्रदेश सबै सरकारमा गठबन्धनका दलको पालैपालो नेतृत्व हुने बताउनुभएको छ ।

जनकपुरधाममा शुक्रबार समाजवादी पत्रकार सङ्गठन धनुषाले आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले यो प्रदेश मेरो त्यो प्रदेश तिम्रो भन्ने स्थिति नरहेकाले सबै सरकारमा गठबन्धनकारी दलहरूले नेतृत्व पाउनुपर्नेसमेत बताउनुभयो । चितवन, तनहुँ र बाराको उपनिर्वाचनको परिणामले हालका देशका मुख्य मूलधारका पार्टी समयमै समीक्षासहित सुध्रिन सन्देश दिएकाले त्यसको तत्कालै समीक्षा र सुधार हुन आवयश्क रहेको उहाँको भनाइ थियो ।

अध्यक्ष नेपालले अब ७० लागेका नेता आराम गर्नुको विकल्प नरहेको भन्दै उहाँले स्वयं आफूलगायत त्यस्ता सम्पूर्ण नेतालाई पुस्तान्तरणका लागि आह्वान गर्नुभयो ।

उहाँले समाजवादी मोर्चाका लागि पनि अब पहल सुरु हुने बताउनुभयो । माओवादी र जसपासँग मात्र होइन विप्लव समूहसँग समेत कुराकानी भइरहेको बताउँदै उहाँले कम्युनिष्ट आन्दोलन बचाउन मोर्चा गरिने जानकारी गराउनुभयो ।

# कार्यवाहक राष्ट्रपतिसमक्ष उपनिर्वाचनको प्रतिवेदन पेस

काठमाडौँ, १५ वैशाख (रासस) । निर्वाचन आयोगले कार्यवाहक राष्ट्रपति रामसहायप्रसाद यादवसमक्ष यही वैशाख १० मा सम्पन्न प्रतिनिधिसभा सदस्यको उपनिर्वाचन, २०८० को निर्वाचन परिणामसहितको प्रतिवेदन पेस गरेको छ ।

राष्ट्रपतिको कार्यालय शीतल निवासमा आयोजित कार्यक्रममा कार्यवाहक राष्ट्रपति यादवसमक्ष प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सो प्रतिवेदन पेस गर्नुभएको हो । सो अवसरमा कार्यवाहक राष्ट्रपति यादवले निर्वाचन सम्पन्न गरी संवैधानिक र कानुनी दायित्व पूरा गरेकामा आयोग र सम्बद्ध सबैमा धन्यवाद व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त थपलियाले स्वच्छ, भयरहित वातावरणमा उपनिर्वाचन सम्पन्न भएको अवगत गराउनुभएको थियो । सो अवसरमा निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, डा

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# राजनीतिक अस्थिरताले पाकिस्तानमा अपराध बढायो : आयोग

इस्लामावाद, १५ वैशाख ( रासस/एएनआई)।

देशको वर्तमान अवस्थालाई लिएर पाकिस्तानको मानवअधिकार आयोगले चिन्ता व्यक्त गरेको छ। राजनीतिक दलका कार्यकर्तालाई बलपूर्वक बेपत्ता पार्ने तथा उनीहरूमाथिको कारबाहीलाई तीव्र पारिएकामा आयोगले चिन्ता व्यक्त गरेको हो।

धार्मिक अल्पसङ्ख्यक, तेस्रो लिङ्गी, ईश्वरको अनादर तथा अस्थिरता सृजना हुने उत्तेजक गतिविधिका कारण देशमा हिंसा बढेको बुधबार सार्वजनिक गरिएको आयोगको प्रतिवेदनमा जनाइएको छ। गत वर्षका विवरण समावेश गरिएको उक्त प्रतिवेदनमा सन् २०२२ लाई राजनीतिक अस्थिरताको वर्षका रुपमा चित्रण गर्दै कार्यपालिका र व्यवस्थापिकाले गुमाएको जनविश्वास पुनःस्थापना गर्न भरमग्दुर प्रयास गर्नुपरेको उल्लेख छ।

देशले झेल्नु परेको राजनीतिक एवम् संवैधानिक सङ्कट अदालतबाट समाधान गर्ने प्रयासले परिस्थितिलाई अझ जटिल बनाएको उल्लेख गर्दै आयोगको प्रतिवेदनमा पूर्वप्रधानमन्त्री इमरान खानविरुद्धको अविश्वासको प्रस्ताव पारित भएपछि पाकिस्तान चरम राजनीतिक सङ्कटबाट गुज्रिरहेको जनाइएको छ।

पूर्वप्रधानमन्त्री खान यथाशक्य चाँडो निर्वाचन हुनुपर्ने माग गरिरहनुभएको छ भने सत्ता गठबन्धनले त्यसलाई वेवास्ता गर्दै आएको छ। पाकिस्तानका प्रमुख प्रान्तहरू पञ्जाव र खैबर पख्तुनख्वाका प्रान्तीयसभा विघटनको मुद्दा सर्वोच्च अदालतमा पुगेको छ भने बढ्दो राजनीतिक अस्थिरतासँगै जलवायु परिवर्तनका कारण गत वर्षको भीषण बाढीले जनजीवन कष्टकर पारेको छ। बाढीपीडितका पीडामा सहायताको मल्हम कसैले लगाएको छैन। गत वर्षको बाढीबाट तीन करोड तीन लाखभन्दा बढी पाकिस्तानी प्रभावित भएका थिएभने एक हजार सात सय जनाको ज्यान गएको थियो।

आयोगको प्रतिवेदनअनुसार राजनीतिक कार्यकर्तालाई बलपूर्वक बेपत्ता पार्ने घटना गत वर्ष रोकिएनन् भने आफै खोजीमा जुटेका बेपत्ता भएकाहरूका परिवारका आफन्तलाई धम्क्याइएका घटना पनि बढेका थिए। बेपत्ता भएकाहरूको खोजी तथा छानबिन गर्ने निकायमा अझै पनि दुई हजार दुई सय १० वटा मुद्दा बिना कारबाही थन्किएका छन्। बलुचिस्तान र अन्य क्षेत्रमा बेपत्ताका घटना अन्य क्षेत्रको तुलनमा बढेका छन्।

बितेका पाँच वर्षको तुलनामा गत वर्ष सबैभन्दा धेरै आतङ्कवादी हमला पाकिस्तानमा भएका थिए। गत वर्ष भएका तीन सय ७६ आतङ्कवादी हमलामा पाँच सय ३३ जनाले ज्यान गुमाएका तथा आठ सय ३२ जना घाइते भएका प्रविदेनमा उल्लेख छ। गत वर्ष पेशावरस्थित जामा मस्जिदमा भएको हमला सबैभन्दा घाइते थियो। उक्त हमलामा ६३ जनाको मृत्यु भएको थियो।

विभिन्न अपराधमा दोषी ठहरिएका ९८ जनालाई गत वर्ष मृत्युदण्ड दिइएको थियो। अघिल्लो वर्ष एक सय २९ जनालाई प्राणदण्ड दिइएको थियो। पाकिस्तानका कारागारमा क्षमताभन्दा बढी कैदीलाई राखिएको उल्लेख गर्दै प्रतिवेदनमा देशभरका कारागारमा ८८ हजार छ सय ८७ जना बन्दी रहेका जनाइएको छ।

# शान्ति सुरक्षाको व्यवस्था चुस्त बनाउन एमालेको माग

काठमाडौँ, १५ वैशाख (रासस)।

नेकपा (एमाले)का नेता एवं प्रतिनिधिसभा सदस्य विष्णुप्रसाद पौडेलले मुलुकमा शान्ति सुरक्षा चुस्त बनाउन सरकारसँग माग गर्नुभएको छ।

शुक्रबार प्रतिनिधिसभाको विशेष समयमा बोल्दै एमाले पार्टीका अध्यक्ष केपी शर्मा ओली यही वैशाख १३ गते आफ्नो निर्वाचन क्षेत्र झापामा भएको कार्यक्रममा सहभागी भइरहेको अवस्थामा केही व्यक्तिले साङ्घातिक आक्रमणप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

सो घटनाका घाइते जीवनमरणको अवस्थामा रहेको जानकारी गराउँदै उहाँले घाइतेको काठमाडौँमा ल्याएर उपचार गर्न सरकारसँग माग गर्नुभयो। घटनामा संविधानसभा अध्यक्ष सुवास नेम्वाङ र एमाले कार्यकर्तामाथि आक्रमण गर्ने प्रयास गरिएको भन्दै नेता पौडेलले भन्नुभयो, "देशमा सरकार छ कि छैन ? संविधानले दिएको अधिकार प्रयोग गर्दा आक्रमणमा सत्ता निकट मानिस संलग्न रहेको अध्ययनले देखाएको छ। उक्त विषयमा गृहमन्त्रीले सदनलाई जवाफ दिन जरुरी छ।"

उहाँले शान्ति सुरक्षा जनताको अधिकार भएको र यो घटनामा संलग्नलाई अविलम्ब पक्राउ गर्न माग गर्नुभयो। उहाँले नागरिकको सुरक्षामा सरकार गम्भीर हुन माग गर्नुभयो।

नेता पौडेलले केही दिनअघि काठमाडौँमा मीरा पाण्डे आचार्यलाई दिनदहाडै पसलमा बसिरहेको अवस्थामा हत्या गरिएको सम्बन्धमा शीघ्र दोषी पत्ता लगाई कारबाही गर्न माग गर्नुभयो।

# खुलारूपमा माछामासुको बिक्री र बधमा रोक

विराटनगर, १५ वैशाख (रासस)।

विराटनगर महानगरपालिकाले शुक्रबारदेखि खुलारूपमा माछामासु बिक्रीवितरण र बध गर्न रोक लगाएको छ।

विराटनगरलाई सफा, सुन्दर र व्यवस्थित बनाउने महानगरको अभियानअन्तर्गत खुलारूपमा माछामासुको बिक्रीवितरण र बध गर्न रोक लगाएको महानगर प्रमुख नागेश कोइरालाले बताउनुभयो।

उक्त अभियानलाई सफल पार्न बिहीबार महानगरले सरोकारवालासित अन्तर्क्रिया गरेको थियो। स्वच्छ मासु खान पाउने उपभोक्ताको अधिकार भएकाले मासु व्यवसायलाई व्यवस्थित गर्न लागिएको उहाँको भनाइ थियो।

महानगरको सरसफाइ, कर सङ्कलन, सडकबत्ती जडान, बिजुलीको खम्बामा रङरोगनसहित नम्बरिङ, पार्किङलगायत अभियान सञ्चालन गरिरहेको महानगर प्रमुख कोइरालाले जानकारी दिनुभयो।

उहाँले मानव स्वास्थ्य र महानगरको सौन्दर्यमा असर पर्नेगरी जथाभावी सञ्चालित मासु व्यवसायलाई व्यवस्थित गर्ने अभियानमा सहयोग गर्न सबैमा आग्रहसमेत गर्नुभयो। उपप्रमुख शिल्पा निराला कार्कीले अभियानलाई सफल बनाउन अनुगमनलाई तीव्र पारिने बताउनुभयो।

अबदेखि खुलारूपमा माछामासु बिक्री गर्नेलाई मासु जाँच ऐन, २०५५ अनुसार कारबाही हुने महानगरको आर्थिक विकास समितिका संयोजक श्याम घिमिरेले जानकारी दिनुभयो।

सङ्घीय कृषि तथा पशुपक्षी विकास मन्त्रालयका वरिष्ठ पशु विकास अधिकृत डा गङ्गाराम यादवले अस्वच्छ मासु सेवनको असर शरीरमा तुरुन्तै हुने र यसले दीर्घकालसम्म पनि असर पार्ने उल्लेख गर्दै पशु पछी बध गरेपछि कम्तीमा १२ घण्टासम्म फ्रिजमा राखेको मासु खानका लागि उपयुक्त हुने बताउनुभयो। विराटनगरमा करिब तीन सय वटा मासु पसल सञ्चालनमा रहेको महानगरका पशुपक्षी विकास शाखा प्रमुख शुभनारायण यादवको भनाइ थियो।

### कार्यवाहक...

जानकीकुमारी तुलाधर, आयोगका सचिव गोर्कणमणि दुवाडी, सहसचिव शालिग्राम शर्मा पौडेललगायत सहभागी हुनुहुन्थ्यो। निर्वाचनको परिणाम सार्वजनिक भएको एक साताभित्र सो प्रतिवेदन बुझाउनुपर्ने कानुनी व्यवस्था रहेको छ।

# बालबालिकालाई छुटेको खोप लगाइँदै

काठमाडौँ, १५ वैशाख (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नियमित खोप लगाउन छुटेका बालबालिकालाई शुक्रबार देशभरि एकैसाथ खोप लगाउँदै छ।

परिवार कल्याण महाशाखाका बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले नियमित खोप लगाउन छुटेका बालबालिकालाई शुक्रबार र वैशाख ३१ गते दुई दिन खोप लगाउन थालिएको जानकारी दिनुभयो।

उहाँले दुई दिन खोप लगाउन छुटेका पाँच वर्षदेखि मुनिका बालबालिकालाई १३ प्रकारका खोप दिइने र कोही पनि बालबालिका नियमित खोप लगाउनबाट नछुटुन् भन्नका लागि अभियान नै सञ्चालन गरिएको बताउनुभयो।

रोग, अपाङ्गता र मृत्युबाट बचाउन जन्मेदेखि पाँच वर्षसम्म उमेरका बालबालिकालाई विभिन्न रोगविरुद्धको खोप लगाइन्छ। नेपालमा अहिले पनि ८० प्रतिशत बालबालिकाले पूर्ण मात्रा खोप लगाएका, २० प्रतिशत बालबालिकाले सबै खोप नलगाएका र चार प्रतिशत बालबालिकाले कुनै पनि खोप नलगाएको पाइएको छ।

खोप लगाउन छुट भएका सबै बालबालिकालाई खोप लगाई नेपाललाई पूर्ण खोप सुनिश्चित गर्न अभियान नै सञ्चालन गर्न थालिएको परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले जानकारी दिनुभयो। उहाँले खोप लगाउन छुट्ने क्षेत्रको बच्चा पत्तालगाइ खोप अभियान सञ्चालन गरिने बताउनुभयो। केही जिल्लामा खोप लगाउन छुट भएका बच्चाको सङ्ख्या बढेर दादुरा र रुबेलाको महामारीसमेत देखापरेकाले छुटेको खोप दिन थालेको जनाउँदै मन्त्रालयले नजिकैको स्वास्थ्य कार्यालयमा गई आफ्ना बालबालिकालाई छुटेको खोप लगाउन पनि आग्रह गरेको छ।

## विश्व समाचार

### डुङ्गा डुब्दा एघार जनाको मृत्यु, बैसट्ठी जनाको जीवितै उद्धार

पेकनबारु (इण्डोनेसिया), १५ वैशाख (रासस/एएफपी)।

इण्डोनेसियाको पश्चिमी प्रान्त यात्रुबाहक एउटा डुङ्गा डुब्दा एघार जनाको मृत्युभएको छ भने ६२ जनालाई जीवितै उद्धार गरिएको छ। रिओै प्रान्तको तटीय क्षेत्रमा बिहीबार अपराह्न भएको उक्त दुर्घटनामा बालबालिका र महिलाले ज्यान गुमाएका उद्धारमा संलग्न अधिकारीहरूले बताएका छन्।

चौहत्तर जना यात्री सवार उक्त डुङ्गाका ६२ जनालाई जीवितै उद्धार गरिएको, एघार जनाको शव फेला परेको र हराइरहेका एक जनाको खोजी भइरहेको स्थानीय उद्धार अधिकारी कुक्व विडोडोले बताएका छन्। सुरक्षा अधिकारीहरू दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धानमा जुटेका छन्।

उद्धारमा संलग्न अधिकारीहरूका अनुसार दुर्घटनाग्रस्त उक्त डुङ्गामा ७४ जनाभन्दा बढी यात्री रहेका अनुमान गरिएको छ। यात्री सूचीमा उल्लेख भएभन्दा अधिक मानिसलाई यात्रामा सामेल गराउनु इण्डोनेसियामा सामान्य भएकाले मृतक र बेपत्ता यात्रीको सङ्ख्या बढ्नसक्ने अधिकारीहरूले बताएका हुन्।

करिब १७ हजार टापु भएको इण्डोनेसियामा सुरक्षाका पर्याप्त उपाय नअपनाउँदा समुद्री दुर्घटना नियमित रुपमा हुने गरेका छन्। सन् २०१८ मा सुमात्रा टापुमा पानी जहाज डुब्दा एक सय ५० जनाको मृत्यु भएको थियो।

### भारतमा सात हजार बढी कोरोना सङ्क्रमित

नयाँदिल्ली, १५ वैशाख (रासस/एएनआई)।

गत बुधबारदेखि भारतमा कोराना सङ्क्रमितको सङ्ख्या घट्दै गएको छभने यसबाट स्वास्थ्यलाभ गर्नेको सङ्ख्या बढ्दै गएको छ। बितेका २४ घण्टामा सात हजार पाँच सय ३३ जनामा कोभिड-१९ सङ्क्रमण पत्ता लागेको तथा ११ हजार ४७ जनाले कोरोनालाई परास्त गरेका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रबार जनाएको छ।

दुई लाख आठ हजार एक सय १२ जनाको स्वाब परीक्षण गर्दा सात हजार पाँच सय ३३ जनामा सङ्क्रमण पत्ता लागेका हो। अघिल्लो साता भारतमा कोरोना महामारी मत्यर भएयता सबैभन्दा धेरै बिरामी फेलापरेपछि केन्द्र सरकारले परीक्षणलाई तीव्र गतिमा अघि बढाउनका साथै खोप अभियानलाई पनि उच्च प्राथमिकता दिँदै आएको छ।

हाल भारतमा कोरोनाबाट सक्रिय रूपमा सङ्क्रमित बिरामी ०.१२ प्रतिशत रहेका उक्त मन्त्रालयले जनाएको छ। चार करोड ४३ लाख ४७ हजार २४ जना रोगमुक्त भएका छन्। विश्वव्यापी कोरोना महामारी शुरुभएदेखि हालसम्म दुई अर्ब २० करोड ६६ लाख भारतीयले कोरोनाविरुद्ध खोप लगाइसकेका छन्।

### सुडानमा युद्धविराम अवधि लम्बियो तर सङ्घर्ष रोकिएन

खार्तुम, १५ वैशाख (रासस/एएफपी)।

सुडानमा युद्धविरामको अवधि लम्बिएको भए पनि सङ्घर्ष रोकिएको छैन। सुडानी सशस्त्र बल (एसएएफ) र विपक्षी र्‍यापिड सपोर्ट फोर्सेस (एसआरएफ) अर्को ७२ घण्टा युद्धविराम गर्न सहमति भए पनि राजधानी खार्तुम र डार्फरमा हवाई हमलाका साथै लुटपाट जारी छ।

साउदी अरब र अमेरिकाको दबाबमा द्वन्द्वरत दुवै पक्षले युद्धविराम गर्न सहमति जनाए पनि युद्ध भङ्केकामा अन्तरराष्ट्रिय समुदायले चिन्ता व्यक्त गरेको छ। उक्त समुदायले युद्ध बन्द गर्ने सहमति पूर्णरुपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिएको छ।

अफ्रिकी सङ्घ, संयुक्त राष्ट्रसङ्घ, साउदी अरब, संयुक्त अरब इमिरेट्स, बेलायत र अमेरिकाले एक संयुक्त वक्तव्य निकालेर युद्धविराम गर्न सहमति जनाएकामा त्यसको स्वागत गरेका छन्। उनीहरूले शत्रुतापूर्ण गतिविधि सदाका निम्ति अन्त्य गर्न वार्ता र मानवीय सहायता सुनिश्चित गर्नेतर्फ द्वन्द्वरत पक्ष प्रतिबद्ध हुनुपर्नेमा जोड दिएका छन्।

पश्चिमी डार्फुरमा भड्किएको युद्धका कारण कुपोषणको शिकार भएका करिब पचार हजार बालबालिकालाई खाद्य सहायता उपलब्ध गराउन नसकिएको राष्ट्रसङ्घीय खाद्य कार्यक्रमले जनाएको छ। सहायता निकायहरूका अनुसार हिंसाका कारण घरभित्रै फसेका धेरै सुडानी खाना, पानी, इन्धन र बिजुलीको अभावमा छटपटाइ रहेका छन्। केही भने ज्यान जोखिममा पारेर सुडानबाट पलायन भएका छन्।

चौध दिनअघि युद्ध शुरुभएपछि सुडानबाट १४ हजार नागरिक सुरक्षाको खोजीमा देशबाट पलायन भएका इजिप्टका अधिकारीले बताएका छन्। पचास देशका दुई हजार विदेशीले पनि सुडान छाडेका छन्। बीस हजार सुडानी चाड पुगेका छन्भने चार हजार दक्षिण सुडानमा शरणार्थी भएका छन् तीन हजार पाँच सय जना इथियोपिया पुगेका तथा तीन हजारको हाराहारीमा अन्यत्र पलायन भएका राष्ट्रसङ्घीय निकायले जनाएका छन्। युद्ध जारी रहेमा थप दुई लाख ७० हजार सुडानी मुलुकबाट विस्थापित हुने चेतावनी पनि राष्ट्रसङ्घीय निकायहरूले दिएका छन्।

# छिन्नमस्ता र रुपनी गाउँपालिकाको टिम फाइनल खेल्ने




**दैनिक समाचारदाता**
**राजविराज, १५ वैशाख ।**

छिन्नमस्ता गाउँपालिका र रुपनी गाउँपालिकाको टिम फाइनलमा प्रवेश गरेको छन् ।

हनुमाननगर कंकालिनी नगरपालिकाद्वारा सञ्चालित मेयर कप टी ट्वान्टी क्रिकेट प्रतियोगिताको फाइनलमा दुवै टिम पुगेका हुन् ।

शुक्रबार सम्पन्न दुई सेमीफाइनल खेलमा रुपनी गाउँपालिकाले तिलाठी कोइलाडी गाउँपालिकालाई ६ विकेटले र दोस्रो सेमीफाइनल खेलमा खेलको नियम विपरित अनुशासनहिन तथा खेल भावना विपरित कार्य गरेकाले कञ्चनरुप नगरपालिकाको टिमलाई अयोग्य घोषित गरिएपछि छिन्नमस्ता गाउँपालिकाको टिम फाइनलमा प्रवेश पाएको हो ।

पहिलो सेमीफाइनल खेलमा टस हारेर ब्याटिङ्ग गरेको तिलाठी कोइलाडी गाउँपालिकाको टिम १६ ओभर १ बलमा ७३ रनमा अलआउट भयो । रुपनीका सुनिल धमलाले ४ ओभरमा १ मेडेन राख्दै ११ रन खर्चेर ४ विकेट लिए भने राशिद खानले ४ ओभरमा १ मेडेन राख्दै १६ रनमा ३ विकेट लिए । यसैगरी अरनिको यादव र अशोक मेहताले १/१ विकेट लिए । तिलाठी कोइलाडीका लागि रोबिन सिंहले २२, विकास दासले १७तथा रोहनविकले १२ रनको योगदान गरेका थिए ।

जितको लागि ७४ रनको लक्ष्य रुपनी गाउँपालिकाको टिमले १० ओभर ४ बलमा ४ विकेट गुमाई हासिल गऱ्यो । जसमा विकास दासले अविजित ३८ रन र सुनिल धमलाले २४ रनको योगदान दिए ।

तिलाठीका लागि दिपेश सरदार र विकास दासले समान २/२ विकेट लिए । उक्त खेलमा रुपनी गाउँपालिकाका सुनिल धमलालाई हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहारले म्यान अफ द म्याच प्रदान गरे ।

दोस्रो सेमीफाइनलमा नियम विपरित अनुशासनहिनता तथा खेल भावना विपरित प्रदर्शन गरेपछि कञ्चनरुप नगरपालिकाको टिमलाई आयोजक समितिले खेल्न अयोग्य घोषित गरेको थियो ।

कञ्चनरुपको टिमलाई अयोग्य घोषित गरेपछि विपक्षी छिन्नमस्ता गाउँपालिकाको टिमले फाइनलमा स्थान बनाएको हनुमाननगर कंकालिनी नगरपालिकाका सूचना प्रविधिअधिकृत अमित पाठकले जानकारी दिए । शनिबार छिन्नमस्ता गाउँपालिका र रुपनी गाउँपालिकाको टिमबीच फाइनल खेल हुनेछ ।

# हिउँदे अधिवेशन अन्त्य

**दैनिक समाचारदाता**
**राजविराज, १५ वैशाख ।**

सरकारले शुक्रबार राति १२ बजेदेखि लागू हुने गरी हिउँदे अधिवेशन अन्त्यको सिफारिस गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिसमक्ष हिउँदे अधिवेशन अन्त्यको सिफारिस गरेको हो ।

गत मंसिरमा सम्पन्न निर्वाचनपछि २५ पुसमा संसद्को पहिलो बैठक राखिएको थियो । शुक्रबारको प्रतिनिधिसभा बैठक हिउँदे अधिवेशनको अन्तिम बैठक हो ।

शुक्रबारको बैठकमा सभामुख देवराज घिमिरेले प्रतितिधिसभाका १० वटा विषयगत समितिमा रहने सदस्यहरूको नाम मनोनयनका लागि प्रस्ताव गर्ने कार्यसूची छ ।

## परालको टालो ...

आगलागिमा घर भित्र रहेको चामल ३ क्युन्टल, गहुँ ६ क्युन्टल र कागज पत्र गरि कुल ६० हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

स्थानिय बासी तथा प्रहरीको सहयोगमा आगो नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**



## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## बालबालिकालाई स्तनपान किन गराउने ?

- आमाको दुधले बालबालिकाको जीवन रक्षा गर्छ ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- स्तनपानले आमालाई स्तन र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।

त्यसैले बालबालिकालाई पर्याप्तमात्रामा स्तनपान गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np